# इस्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -१०, संख्या -३, भदौ २५ गते, २०८३ साल**


**भाग – २**

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः**

निजी जग्गाहरूलाई आवास, कृषि वा गैर कृषि, व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन् हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो सङ्कलन तथा ढुवानी गर्ने कार्यलाई नियमन एवं व्यवस्थित गर्न वाञ्छनीय भएकोले इस्मा गाउँपालिकाको मिति २०८३।०४।२९ गतेको गाउँकार्यपालिका बैठकले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड (प) को ७ बमोजिम कार्य गर्न सोही ऐनको दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १६ अनुसार यो कार्यविधि बनाई लागू गरिएको छ।

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

## प्रारम्भिकः

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३" रहेको छ। यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "अनुमती पत्र" भन्नाले यस कार्यविधिको दफा(८) बमोजिम प्रदान गरिने तोकिएको कार्य गर्न प्राप्त अनुमती पत्र सम्झनु पर्छ

(ख) "कार्यदल" भन्नाले यसै कार्यविधि दफा ७ को उपदफा ३ बमोजिम गठित कार्य समूह सम्झनु पर्छ ।

(ग)"कार्यविधि" भन्नाले निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने कार्यविधि, २०८३ लाई सम्झनु पर्छ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले इस्मा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ,

(ङ) "गाउँपालिका" भन्नाले इस्मा गाउँपालिका सम्झनु पर्छ,

(च) "अध्यक्ष" भन्नाले इस्मा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ,

(छ) "उपाध्यक्ष" भन्नाले इस्मा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ,

(ज) "गाउँ सभा" भन्नाले इस्मा गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ,

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इस्मा गाउँपलिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ,

(ञ) "निजी जग्गा" भन्नाले कुनै व्यक्तिको हक भोगको जग्गा धनी प्रमाण पुर्जा प्राप्त जग्गा सम्झनु पर्र्छ,

(ट) "शुल्क वा दस्तुर" भन्नाले गाउँपालिकामा बुझाउनु पर्ने शुल्क वा दस्तुर सम्झनु पर्छ,

(ठ) "अनुगमन तथा प्राविधिक समिति" भन्नाले दफा ७ को उपदफा ४ बमोजिमको समिति सम्झनु पर्छ,

(ड) "नदीजन्य पदार्थ " भन्नाले नदी वा नदी किनारबाट उत्खन्न गरिएको ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्छ,

(ढ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण सरक्षण ऐन, बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण भन्ने सम्झनु पर्छ,

(ण) "वातावरणीय प्रभाव मूल्याकन" भन्नाले वातावरण संरक्षण ऐन, बमोजिमको अध्ययन तथा मूल्याङकन सम्झनु पर्छ ,

(त) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ,

(थ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले वातावरण संरक्षण ऐन, बमोजिमको अध्ययन सम्झनु पर्छ ,

(द) "राजश्व" भन्नाले उत्खन्न गरे वापत गाउँपालिकालाई बुझाउनु पर्ने सरकारी राजश्व सम्झनु पर्छ,

(ध) "विभाज्य कोष" भन्नाले अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी प्रचलित कानुन बमोजिमको कोष सम्झनु पर्दछ,

(न) "आन्तरिक राजश्व खाता" भन्नाले इस्मा गाउँपालिकाको राजश्व खातालाई सम्झनु पर्दछ,

(प) "व्यवस्थापन" भन्नाले निजी जग्गाको माटो, ढुङ्गा, गिट्टी, बालुवा आदि खन्ने, सम्याउने, पुर्ने, मौज्दात गर्ने र ओसारपसार गर्ने सम्मको कार्यलाई सम्झनु पर्दछ।

**३. निजी जग्गा व्यवस्थापन**: (१) यस कार्यविधिमा इस्मा गाउँपालिका क्षेत्रभित्र रहेका व्यक्तिगत वा संस्थाको निजी हकभोग लालपुर्जा भएका निजी जग्गाहरू आवास, कृषि वा गैर कृषि, व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खन्न हुने माटो, माटोसँगैको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि खन्ने, सम्याउने, पुर्ने, संकलन तथा ढुवानी गर्ने कार्यलाई निजी जग्गा व्यवस्थापन भन्ने बुझिनेछ।

**४. अनुमती नलिई जग्गा व्यवस्थापन गर्न नहुने**: (१) कसैले यस कार्यविधि बमोजिम अनुमती पत्र नलिई यस गाउँपालिका क्षेत्र भित्र निजी जग्गा व्यवस्थापनको नाममा जमीनको सतहमा रहेको माटो, ढुङ्गा, गिट्टी, बालुवा, आदि उत्खनन्, सङ्कलन, ओसार पसार तथा बिक्री वितरण गर्न पाइने छैन। तर यस कार्यविधि लागु हुनु पूर्व जग्गा व्यवस्थापन गर्दा उत्खन्न भएको माटो, ढुङ्गा, गिट्टी, बालुवा, आदिको मौज्दात प्रमाणित गराई नियमानुसार लाग्ने राजश्व लिई ओसार पसार गर्न दिन सकिनेछ जसका लागि कार्यविधि लागु भएको मिति देखि ३५ दिन भित्र सम्बन्धितले मौज्दात विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि कानून बमोजिम खानी उद्योग/व्यवसायमा दर्ता भई सञ्चालनमा रहेको उद्योग/व्यवसायले प्रचलित कानून बमोजिम स्वीकृती लिई उद्योग सञ्चालन गर्नेको हकमा यो व्यवस्था लागू हुनेछैन।

(३) कसैले उपदफा (१) विपरीत अनुमती नलिई निजी जग्गा व्यवस्थापन, ओसार पसार गरेमा यसै कार्यविधिको दफा (१५) बमोजिम दण्ड जरिवाना हुनेछ।

**५. अनुमती पत्र प्राप्त गर्न पुरा गर्नुपर्ने मापदण्डहरु**:

(१) निजी हकभोगको जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि भएको।

(२) व्यवस्थापन गरिने जग्गाको चारकिल्लामा उल्लेख भएका साँधसंधियारको सहमति (स्वीकृती) सहितको मुचुल्का भएको।

(३) अन्य पक्षले उत्खन्न गर्नुपर्ने भएमा जग्गाधनी सँग गरिएको सम्झौताको प्रतिलिपि।

(४) सो जग्गा सँगै जोडीएको सडक, स्कुल, अस्पताल, छिमेकी घर, उद्योग, बस्ती, समाजलाई आर्थिक, सामाजिक, भौतिक, वातावरणीय असर नपर्ने गरि प्राविधिक नापजाँचमा उपयुक्त भएको अनुगमन तथा प्रविधिक समितिको प्रतिवेदन प्राप्त भएको।

(५)सार्वजनिक सरकारी जग्गा, खोला, नदी, झरना, ईनार, ताल, पोखरी, कुवा, पंधेरो, धार्मिक क्षेत्र, वन, पर्यटकीय स्थल, भ्युटावर तथा सरकारी स्वीकृत आयोजनालाई असर नगर्ने सुनिश्चित भएको।

(६) भिर, पहिरो, गल्छि, दलदल, नदी कटान क्षेत्र, भुक्षय तथा भु-जोखिम स्थान नजिक नभएको।

(७) सडकको Rights Of Way र पुलको मापदण्ड भित्र नपरेको।

(८) अन्य स्थानीय तह तथा जिल्लागत सिमा नजोडीएको, यदि यस्तो भएमा सो स्थानीय तह वा जिल्ला समन्वय समितिको सहमती प्राप्त भएको।

(९) कुनै अदालतमा मुद्दा विचारधिन नरहेको स्वघोषणा भएको।

(१०) स्वंय जग्गा धनीबाहेक अरुले उपयोग नगर्ने/नगरेको स्वघोषणा भएको।

(११) निजी जग्गा व्यवस्थापन गर्दा प्राकृतिक रुपमा रहेको जमिनको सतह खाल्टो पर्ने देखिएमा सो जग्गा उत्खनन योग्य मानिने छैन।

(१२) वातावरणीय तथा जलवायु अनुकुलताको दृष्टिले अनुपयुक्त नदेखीएको।

(१३) माटो उत्खननबाट प्राकृतिक स्रोतको दुरुपयोग, भौगोलिक संरचना मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक, कुलो, नहर, साँध सीमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनु पर्नेछ।

**६. अनुमती पत्रको लागि निवेदन दिनु पर्ने:**

(१) कुनै व्यक्ति वा संस्थाले यस कार्यविधि बमोजिम निजी जग्गा व्यवस्थापन गर्न चाहेमा प्रयोजन खुलाई दफा ५ अनुसारको मापदण्ड भित्र रही अनसूची (१) बमोजिमको ढाँचामा अनुसूची (२) बमोजिको स्वघोषणा सहित गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) निजी जग्गा व्यवस्थापन गर्न निवेदन दिँदा देहायका कागजातहरू संलग्न गर्नु पर्नेछः

(क) व्यवस्थापन गर्नुपर्ने जग्गाको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि, तिरो तिरेको रसीद, नापी नक्साको प्रतिलिपि

(ख) सम्बन्धित जग्गा धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) अनुसूचि १० अनुसारको वडा समिति सदस्यको रोहवरमा संधियार वा निजको एकाघर वा निजको स्वीकृती पाएको व्यक्ति सहितको सर्जमिन मुचुल्का।

(३) दफा ५ बमोजिम मापदण्ड पुगेको अवस्थामा अनुसूचि ४ बमोजिमको सम्बन्धित वडाको प्राविधिक प्रतिवेदन, विपदजन्य र वातावरणीय असर नपर्ने भन्ने व्यहोरा उल्लेख भएको अनुसूचि ५ बमोजिमको अनुगमन तथा प्रविधिक समितिको प्रतिवेदन र वडाको सिफारिसको आधारमा ५० घनमिटर परिमाण सम्म उत्खनन् गरी निजी जग्गा व्यवस्थापन गर्नुपरेमा वा ढुवानी गर्नु परेमा कार्यापालिकाबाट पछि निर्णय गर्ने गरी गाउँपालिका अध्यक्षस्तरीय निर्णयानुसार र ५१ घनमिटर देखि १५० घनमिटर परिमाण सम्म उत्खनन् गरी निजी जग्गा व्यवस्थापन वा ढुवानी गर्नु परेमा गाउँ कार्यपालिकाबाट निर्णय गरी अनुमति दिन सकिनेछ।

४) निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनले १५१ घ मि भन्दा बढी परिमाणमा उत्खन्न गर्न चाहने कुनै व्यक्ति वा संस्थाले परिमाण र क्षेत्रफलको आधारमा अन्य ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डले तोकिए बमोजिम राय/सहमति लिनु पर्ने भएमा सो प्राप्त भएपछि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), वातावरणीय प्रभाव मुल्याकन तयार गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ। यसरी पेश भएको प्रतिवेदन स्वीकृत पश्चात गाउँ कार्यपालिकाबाट निर्णय गरी अनुमति दिन सकिनेछ। यसरी अनुमति दिइएको व्यहोरा वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजकले प्रमाणित गर्ने र सोको जानकारी जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउने। उक्त कार्य गर्दा उत्खन्न स्थलमा सार्वजनिक जानकारीका लागि अनुसूचि ९ बमोजिमको सूचना पाटी राख्नु पर्नेछ।

(५) निजी जग्गा व्यवस्थापन गर्दा सङ्कलन भएको ढुङ्गा, गिट्टी, बालुवा, माटो ओसार पोसार वा ढुवानी गर्दा अनुसूचि ७ बमोजिमको अनुमति लिनु पर्नेछ र ढुवानी अनुमति लिँदा देहायका कागजात संलग्न गर्नु पर्नेछ।

(क) अनुसूची (३) बमोजिमको निवेदन

(ख) सवारी साधनको कागजपत्र

(ग) गाउँपालिकाबाट मौज्दात प्रमाणित कागजात,

**७. वातावरणीय अध्ययन गर्नुपर्नेः** (१) १५१ घनमिटर भन्दा बढी परिमाणमा निजी जग्गा व्यवस्थापन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्नु

पर्नेछ। तर एकै स्थानको एकै पलट जोडिएको एकभन्दा बढी व्यक्तिको जग्गा भएता पनि सबैको जोडदा बढीमा १५० घनमिटर भन्दा बढी परिमाण उत्खन्न हुने भएमा वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक हुनेछ भने वातावरणीय अध्ययन छल्ने गरि कित्ता काट गरिएका अंशवण्डा गरिएका जग्गा जे जती क्षेत्रफल भएता पनि अनिवार्य वातावरणीय अध्ययन गर्नुपर्नेछ।

(२) दफा ७ को उपदफा (४) बमोजिम गठित कार्यदलले यसरी पेश भएको वातावरणीय अध्ययन प्रतिवेदन विस्तृत अध्ययन गरी उपयुक्त देखिएमा अध्यक्ष मार्फत गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नेछ। कार्यदलको सिफारिस सहित प्राप्त भएको प्रतिवेदन गाउँ कार्यपालिका वा सम्बन्धित निकायबाट स्वीकृत भए पश्चात लागु गर्न सकिनेछ।

(३) वातावरणीय अध्ययन प्रतिवेदन अध्ययन गरी कार्यपालिकामा सिफारिस गर्ने कार्य अनुगमन तथा प्रविधिक समितिले गर्नेछ। समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रित गर्न सक्नेछ।

(४) अनुगमन तथा प्राविधिक समिति देहाय बमोजिमको हुनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | सदस्य |
| (ग) वन वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| (घ) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (च) अमिन वा सर्भेक्षक | सदस्य |
| (छ) वन, वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

(ज) समितिमा आवश्यकता अनुसार वन वातावरण र विपद व्यवस्थापन शाखा हेर्ने प्राविधिक र विज्ञहरूलाई आमन्त्रित गर्न सकिनेछ।

(५) वातावरणीय अध्ययन प्रतिवेदन बापत परामर्शदाताको पारिश्रमिक जग्गा धनीले व्यहोर्नु पर्नेछ।

(६) एक पटक अनुमति लिईसकेपछि अनुमति लिएको परिमाण उत्खन्न भएमा पुन अर्को वर्ष सोही जग्गा मा अनुमति लिन पाईने छैन ।

**८. अनुमति पत्र दिन सकिने**: (१) निजी जग्गा व्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकाबाट स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन वा प्राविधिक समितिको प्रतिवेदन र सङ्कलन गर्नुपर्ने अन्य कागजात सहित गाउँपालिकामा प्राप्त भएको निवेदन उपयुक्त देखिएमा दफा ६ र  दफा ७ मा उल्लेख भए बमोजिम अनुसूची (६) अनुसारको जग्गा व्यवस्थापन अनुमति प्रदान गर्न सकिनेछ जसका शर्तहरु तोकिए बमोजिम हुनेछन ।

(२)  जग्गा व्यवस्थापन गर्दा सङ्कलन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि भण्डारण गर्नु परेमा सोहि निजी जग्गा वा अनुमती पत्रमा उल्लेखित स्थानमा भण्डारण गर्नु पर्नेछ ।

३) उत्खननबाट  सङ्कलन भएको ढुङ्गा, गिट्टी, बालुवा, माटो ओसार पसार गर्नु परेमा अनुसूची ४ बमोजिम सम्बन्धित वडा हेर्ने प्राविधिक र अनुसूचि ५ बमोजिम अनुगमन तथा प्रविधिक समितिको स्थलगत प्रतिवेदन प्राप्त भए पश्चात प्रदेश कानुनले तोकेको राजश्व लिई अनुसुची ७ मा उल्लेख भए अनुसारका शर्तहरु अनिवार्य पालना गर्ने गरी ढुवानी अनुमति दिन सकिनेछ ।

४) निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनले १५१ घनमिटर भन्दा बढी परिमाण ढुवानी गर्नु परेमा अनुसूचि ११ बमोजिमको दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरीज राख्नु पर्नेछ र सोको जानकारी वडा कार्यालयलाई समेत दिनु पर्नेछ ।

५) निजी जग्गा व्यवस्थापन गर्दा वा व्यावसायिक प्रयोजनले १५१ घनमिटर भन्दा बढी परिमाण उत्खन्न गर्नु परेमा अनुसूचि १२ बमोमिको उत्खन्नकर्ताले दैनिक उत्खन्न अभिलेख तेरीज राख्नु पर्नेछ ।

**९. कार्यसम्पन्न गर्नुपर्ने अवधि:** (१) निजी जग्गा व्यवस्थापन वा ढुवानी/निकासी सम्बन्धी कार्य एक आर्थिक वर्षमा नबढ्ने गरी अनुमति पत्रमा उल्लेख गरिए बमोजिमको समय भित्र सम्पन्न गर्नुपर्ने छ । तर असार १ देखि भाद्र मसान्त सम्म निजी जग्गा व्यवस्थापन सम्बन्धी कार्य गर्न पाइने छैन ।

(२) म्याद भित्र उत्खनन् भएका ढुङ्गा, गिट्टी, बालुवा, माटो ढुवानी हुन नसकी मौज्दात हुन गएमा गाउँ कार्यपालिकाको कार्यालयमा जानकारी गराई असार ७ गतेभित्र मौज्दात परिमाण प्रमाणित गराउनु पर्नेछ ।

**१०. व्यवस्थापन, उत्खनन् वा ढुवानीमा रोक लगाउन सकिने**: (१) यस कार्यबिधि बमोजिम अनुमती प्राप्त गरी जग्गा व्यवस्थापन गरिने स्थलको गाउँपालिकाबाट अनुगमन तथा निरीक्षण गर्दा वा अनुमती प्राप्त गर्ने व्यक्तिले गरेको उत्खनन् वा ढुवानी सम्बन्धमा परेको उजुरी उपर अनुगमन समितिबाट १५ दिन भित्र छानविन गर्दा यस कार्यविधिको उल्लङ्घन भएको पाइएमा वा वातावरणीय दृष्टिले जोखिम हुने गरी कार्य गरेको पाइएमा गाउँपालिकाले तत्काल उत्खनन् तथा ढुवानी कार्यमा रोक लगाउन र यसै कार्यविधिको दफा १५ बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ ।

**११. असरको क्षतिपुर्ति सम्बन्धमा**: (१) निजी जग्गा व्यवस्थापनमा कार्यालयले अनुमती दिइ सकेपछी अनुमति प्राप्त संस्था तथा व्यक्तिले गरेको कार्यबाट कुनै छिमेकी, व्यक्ति तथा संस्थालाई क्षती, नोक्सान असर परेको भनी निवेदन दर्ता भएमा प्राविधिक समितिको प्रतिवेदन अनुसारको क्षतीपुर्ति अनुमति प्राप्त व्यक्ति/संस्थाबाट भराईने छ। यस्तो क्षतीपुर्ति नदिएमा निजको अनुमति पत्र रद्द गरी सरकारी बाँकी सरह असुल उपर गर्ने र असुल उपर नभए सम्म गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधामा समेत रोक लगाउन सकिनेछ ।

**१२.अनुमती पत्र रद्द गर्न सकिने**: (१) तोकिएको शर्त, मापदण्ड र समय सीमा भित्र कार्य सम्पन्न नगर्ने व्यक्ति वा व्यवसायीको यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुमती रद्द गर्न सकिनेछ । निजले बुझाएको राजश्व दस्तुर फिर्ता हुने छैन्न ।

**१३. अनुमती लिने व्यक्ति वा संस्थाले पालना गर्नुपर्ने शर्त**: (१) अनुमती पत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमति पत्रमा/सम्झौता पत्रमा उल्लेख भएका शर्तहरू अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(२) निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनले १५१ घनमिटर भन्दा बढी परिमाण उत्खन्न संकलन र ढुवानी गर्नुपरेमा गाउँपालिकाबाट अनुसूचि ८ बमोजिमको सम्झौता गराइनेछ ।

**१४. अनुमती पत्रको प्रतिलिपिः** (१) अनुमती पत्र हराएमा, नासिएमा वा कुनै कारणवश च्यातिएमा अनुमती पत्र प्राप्त व्यक्ति वा संस्थाले सोको प्रतिलिपि माग गर्न चाहेमा गाउँपालिकामा निवदेन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिलिपि माग गरेमा गाउँपालिकाले रु. ५००।– (अक्षरुपी पाँच सय रूपैयाँ मात्र) दस्तुर लिई प्रतिलिपि दिनसक्नेछ ।

**१५. दण्ड जरिवानाः** (१) यस कार्यविधिको विपरित ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् वा ढुवानी गरेमा इस्मा गाउँपालिकाको आर्थिक ऐन बमोजिम जरीवाना गरिनेछ ।

(२) उपदफा १ बमोजिमको दण्ड जरिवानाको असुलीमा सहयोग पुऱ्याउने नगर प्रहरी, सुरक्षाकर्मी वा सुरक्षा निकायलाई सो रकम दाखिला भए पश्चात बढीमा १५ प्रतिशत सम्म प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ ।

**१६. पुनरावेदनः** (१) प्रमुख प्रशासकीय अधिकृतले दफा (१५) बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिन भित्र इस्मा गाउँपालिकाको न्यायिक समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

**१७. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाको अनुगमन समिति वा अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत वा निजहरूले खटाएको प्रहरी वा कार्यालयका कर्मचारी वा टोलीले व्यवस्थापन गर्न अनुमति पाएको जग्गाको अनुगमन गर्न सक्नेछ । सम्बन्धित वडाले अनिवार्य रुपमा नियमित अनुगमन गरी ओसार पसार भएको कुल परिमाणले लगत राखि सोको एक प्रति अभिलेख गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ । अनुगमन गर्दा यस कार्यविधि विपरीत कार्य गरेको पाइएमा तत्काल कार्य रोक्का गरी कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

**१८. थपघट तथा हेरफेरः** (१) यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१९. बाधा अड्काउ फुकाउः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

**२०. बचाऊः** १) इस्मा गाउँपालिका क्षेत्र भित्रका निजी जग्गा व्यवस्थापन गर्दा उत्खन्न भएका ढुगा, गिटी, बालुवा, ग्राबेल र माटो आदि व्यबस्थापन गर्ने सम्बन्धमा अन्य कार्यविधि, निर्देशिका तथा मादण्डमा जे उल्लेख भएता पनि यसै कार्यविधि बमोजिम हुनेछ ।

**२१. कार्यविधिको व्याख्या तथा संशोधन र खारेजीः** (१) यो कार्यबिधिको कार्यान्वयनको क्रममा कुनै दुविधा आईपरेमा सोको व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकामा रहनेछ । साथै यस कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**२२. कार्यविधि बाझिएमाः** (१) यस कार्यविधिको कुनै प्रावधानहरु संघीय कानून वा प्रदेश कानूनसँग वाझिएमा वाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनसूचि(१)

दफा (६) सँग सम्बन्धित

मितिः

श्रीमान अध्यक्षज्यू

इस्मा गाउँपालिका

इस्मा रजस्थल, गुल्मी ।

**विषयः निजी जग्गा व्यवस्थापनको अनुमती सम्बन्धमा ।**

प्रस्तुत विषयमा इस्मा गाउँपालिकाको निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धि कार्यविधि, २०८३ को दफा ५ को अधिनमा रही इस्मा गाउँपालिका वडा नं ...... निवासी म...................... ले साबिक ........................... गा.वि.स वडा नं...........हाल इस्मा गाउँपालिका वडा नं ..... मा रहेको कि.नं ......क्षेत्रफल..........को जग्गा ................प्रयोजनको लागि सोही कार्यविधिको दफा (६) को उपदफा (२) मा उल्लेख गरिएका कागजात सहित अनुमतीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदक

संलग्न कागजातः

(क)व्यवस्थापन गर्नुपर्ने जग्गाको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि, तिरो तिरेको रसिद, नापी नक्साको प्रतिलिपि

(ख) सम्बन्धित जग्गा धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) वडा समिति सदस्यको रोहवरमा संधियार वा निजको एकाघर वा निजको स्वीकृती पाएको व्यक्ति सहितको सर्जमिन मुचुल्का ।

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनुसूचि (२)

दफा (६) सँग सम्बन्धित

**स्वघोषणा पत्र**

प्रस्तुत विषयमा इस्मा गाउँपालिकाको निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३ अनुसार इस्मा गाउँपालिका वडा नं ...... निवासी म..................... ले साबिक .......................... गा.वि.स वडा नं...........हाल इस्मा गाउँपालिका वडा नं ..... मा रहेको कि.नं ......क्षेत्रफल..........को जग्गा ...............प्रयोजनको लागि जग्गा व्यवस्थापन गर्नको लागि सोही कार्यविधिको दफा (५) मा उल्लेखित तपशिल अनुसारको मापदण्डहरु पुरा गरेको स्वघोषणा गर्दछु।

मापदण्डहरुः

(१) सो जग्गा सँगै जोडीएको सडक, स्कुल, अस्पताल, छिमेकी घर, उद्योग, बस्ती, समाजलाई आर्थिक, सामाजिक, भौतीक, बातावरणीय असर नपर्ने।

(२) व्यवस्थापन गरिने जग्गाको चारकिल्लामा उल्लेख भएका साँध संधियारको सहमति (स्वीकृती) सहितको मुचुल्का भएको।

(३) सार्वजनिक सरकारी जग्गा, खोला, नदी, झरना, ईनार, ताल, पोखरी, कुवा, पंधेरो, धार्मिक क्षेत्र, वन, पर्यटकिय स्थल, भ्युटावर तथा सरकारी स्वीकृत आयोजनालाई असर नगर्ने।

(४) भिर, पहिरो, गल्छि, दलदल, नदीकटान क्षेत्र, भुक्षय तथा भु जोखिमयुक्त स्थान नजिक नभएको।

(५) सडकको राइट अफ वे र पुलको मापदण्ड भित्र नपरेको।

(६) अन्य स्थानीय तह तथा जिल्लागत सिमा नजोडीएको, यदि यस्तो भएमा सो निकायको सहमती प्राप्त।

(७) अदालतमा मुद्दा विचारधिन नरहेको।

(८) स्वयम जग्गा धनीबाहेक अरुले उपयोग नगरेको।

(९) निजी जग्गा व्यवस्थापन गर्दा प्राकृतिक रुपमा रहेको जमिनको सतह भन्दा खाल्टो नपर्ने।

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनुसूचि (३)

दफा (६) को उपदफा (३) सँग सम्बन्धित

मितिः

श्री इस्मा गाउँ कार्यपालिकाको कार्यालय,

इस्मा रजस्थल, गुल्मी ।

**विषयः ढुवानी अनुमती सम्बन्धमा ।**

प्रस्तुत विषयमा इस्मा गाउँपालिकाको निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३ बमोजिम इस्मा गाउँपालिका वडा नं ...... निवासी ...................... को साबिक ........................... गा.वि.स वडा नं............हाल इस्मा गाउँपालिका वडा नं ..... मा रहेको कि.नं ......क्षेत्रफल...........को जग्गा व्यवस्थापन गर्दा निस्केको ढुङ्गा/गिट्टी/बालुवा/ग्राबेल/माटो ओसार पसार गर्नका लागि ढुवानी अनुमती प्रदान गरिदिनु हुन अनुरोध गर्दछु ।

निवेदक

संलग्न कागजातः

क)ढुवानी/ लोडिङ गर्ने सवारी साधनको कागजपत्र

ख) गाउँपालिकाबाट मौज्दात प्रमाणित कागजात (आवश्यकता अनुसार)

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनुसूचि (४)

दफा (८) को उपदफा (३) सँग सम्बन्धित

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

इस्मा गाउँपालिका,

इस्मा रजस्थल,गुल्मी।

**विषयः वडाको प्राविधिक प्रतिवेदन सम्बन्धमा।**

प्रस्तुत विषयमा इस्मा गाउँपालिकाको निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३ बमोजिम इस्मा गाउँपालिका वडा नं ...... निवासी ...................... को साबिक ........................... गा.वि.स वडा नं............हाल इस्मा गाउँपालिका वडा नं ..... मा रहेको कि.नं ......क्षेत्रफल...........को जग्गा व्यवस्थापन गर्दा अनुमानित...............घ.मि. ढुङ्गा/गिट्टी/बालुवा/ग्राबेल/माटो निस्कने व्यहोरा अनुरोध छ।

१ अन्य विवरण

...........

वडा हेर्ने प्राविधिक कर्मचारी

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनुसूचि (५)

दफा (६) को उपदफा (२) सँग सम्बन्धित

मितिः

श्रीमान अध्यक्षज्यू,

इस्मा गाउँपालिका,

इस्मा रजस्थल, गुल्मी ।

**विषयः अनुगमन तथा प्राविधिक समिति प्रतिवेदन सम्बन्धमा ।**

प्रस्तुत विषयमा इस्मा गाउँपालिकाको निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३ बमोजिम इस्मा गाउँपालिका वडा नं ...... निवासी ..................... को साबिक .......................... गा.वि.स वडा नं............हाल इस्मा गाउँपालिका वडा नं ..... मा रहेको कि.नं ......क्षेत्रफल...........को जग्गा व्यवस्थापन गर्दा विपदजन्य एवम् वातावरणीय असर पर्ने नदेखिएको र उक्त जग्गा व्यवस्थापन गर्दा अनुमानित .........घ.मी. ढुङ्गा/गिट्टी/बालुवा/ग्राबेल/माटो उत्खनन् हुने व्यहोरा अनुरोध छ ।

तपसिल

१. जग्गा धनिको नाम,थर..................................... ठेगाना.........................

२. सम्झौता गर्ने व्यक्तिको नाम, थर ............................ ठेगाना....................

३. जग्गाको क्षेत्रफल.....................................कित्ता न........................................

४. जगाको किसिम क. कृषि ख. आवास.ग औद्योगीक घ. अन्य

५. जग्गा व्यवस्थापन गर्ने क्षेत्रफल .............................. कित्ता न.........................

६. औसत गहीराई .......मिटर, उचाई...........मिटर, लम्बाई........मिटर, चौडाई..........मिटर

७. व्यवस्थापन गर्दा गरिने कार्य खन्ने । पुर्ने । सम्याउने । चिन्ने

८. उत्खन्न हुने सामाग्री क. माटो ख. ढुङ्गा ग. ग्राबेल घ. गिट्टी ङ. बालुवा

९.अनुमानित उत्खन्न हुने परिमाण .......................

१०. अन्य विवरण ..................

सदस्य सचिव

अनुगमन तथा प्राविधिक समिति

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनुसूचि (६)

दफा (८) को उपदफा (१) सँग सम्बन्धित

मितिः

श्री .........................,

इस्मा गाउँपालिका वडा नं......,

................................।

**विषयः जग्गा व्यवस्थापन अनुमति सम्बन्धमा।**

प्रस्तुत विषयमा तपाईले मिति......... गते पेश गरेको निवेदन तथा संलग्न कागजात बमोजिम साबिक ........................... गा.वि.स वडा नं...........हाल इस्मा गाउँपालिका वडा नं ..... मा रहेको कि.नं ......क्षेत्रफल...........को जग्गा .......प्रयोजनका लागि मिति ............. ..........................निर्णयानुसार इस्मा गाउँपालिकाको निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३ बमोजिम जग्गा व्यवस्थापन अनुमती प्रदान गरिएको छ।

..............................

प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख

शर्तहरु

१. ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् तथा ओसारपसार गर्दा माटो, पानी, कृषिजन्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, स्कुल, कलेज, मानव वस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा स्थानीय सरकारले कुनै क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिको लागि सम्बेदनशील क्षेत्र घोषणा गरी माटो उत्खनन् तथा व्यवस्थापनमा रोक लगाउन सक्नेछ।
२. ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् तथा व्यवस्थापन गर्ने कार्य असार १ गते देखि भाद्र १५ गते सम्म गर्न पाईने छैन।

**इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३**

३. ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् तथा व्यवस्थापन कार्य सुर्यास्त देखि सुर्योदय नहुँदा सम्म गर्न पाइने छैन।

४. उत्खनन् कार्य गर्दा साँध सिमानालाई मर्का पर्ने गरी गर्न पाइने छैन, संधियारबाट उजुरी पर्न आएमा उत्खनन् कार्य निषेध गर्न सकिने छ।

५. वातावरणीय प्रभावको पक्षबाट कुनै नकरात्मक असर पर्ने भएमा उत्खनन् कार्य संशोधन तथा खारेज हुन सक्ने छ।

६. उत्खनन् अनुमति पत्रमा उल्लेखित शर्तहरु बमोजिम काम भए नभएको प्राविधिक पुष्ट्याई साथ प्रतिवेदन पेश भए पछि मात्र धरौटी रकम फिर्ता हुनेछ, उल्लेखित शर्तहरु विपरित काम भएको र वातावरणीय हानि नोक्सानी हुन गएको खण्डमा धरौटी रकमबाट क्षतिपूर्ति शोध भर्ना गरिनेछ सो बाट नपुग भएमा नपुग रकम घर घरानाबाट समेत असुल उपर गरिने छ।

७. अनुमति दिएको स्थान भन्दा अन्यत्रबाट उत्खनन् गरेको पाइएमा प्रचलित कानुन अनुसारको कारवाही हुनेछ।

८. माटो उत्खनन् अनुमति पत्रको हद म्याद उत्खनन् अनुमतिको लागि प्रदान गरिएको कार्य दिन वा माटो उत्खनन् भएको कुल परिमाण जुन पहिलो हुनेछ सोहीलाई मान्यता दिइनेछ।

बोधार्थः

श्री प्रहरी चौकी इस्मा रजस्थल, गुल्मी।

श्री वडा नं....को कार्यालय, इस्मा गाउँपालिका।

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनुसूचि (७)

दफा (८) को उपदफा (५) सँग सम्बन्धित

मितिः

श्री ........................,

(सवारी नं ................)

इस्मा गाउँपालिका ,

इस्मा रजस्थल, गुल्मी ।

**विषयः ढुवानी अनुमति सम्बन्धमा ।**

प्रस्तुत विषयमा इस्मा गाउँपालिकाको निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३ बमोजिम इस्मा गाउँपालिका वडा नं ...... निवासी ..................... को साबिक .......................... गा.वि.स वडा नं...........हाल इस्मा गाउँपालिका वडा नं ..... मा रहेको कि.नं ......क्षेत्रफल..........को जग्गा व्यवस्थापन गर्दा निस्केको ......... घ.मि. ढुङ्गा/गिट्टी/बालुवा/ग्राबेल/माटो ओसार पसार गर्नका लागि ढुवानी अनुमती प्रदान गरिएको छ ।

..............................

प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख

शर्तहरु

१. निजी जग्गा व्यवस्थापन गर्दा उत्खन्न भएको ढुगा ,गिटी, बालुवा, ग्राभेल, माटो आदि ढुवानी तथा ओसारपसार गर्दा माटो, पानी, कृषिजन्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, स्कुल, कलेज, मानव वस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा स्थानीय सरकारले कुनै क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिको लागि सम्बेदनशील क्षेत्र घोषणा गरी ढुवानी तथा ओसारपसारमा रोक लगाउन सक्नेछ।

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

२. ढुवानी तथा ओसारपसार कार्य असार १ गते देखि भाद्र १५ गते सम्म गर्न पाईने छैन।

३. ढुवानी तथा ओसार पसार कार्य सुर्यास्त देखि सुर्योदय नहुँदा सम्म गर्न पाइने छैन।

४. उत्खनन् गरिएको साम्रगी ओसार पसार गर्ने पक्षले बिहान विद्यालय समय ९ बजेदेखि देखि १० बजे र बेलुका ४ बजे देखि ५ बजे सम्म ओसारपसार गर्न पाइने छैन।

५. निकासी गर्ने बाटो मर्मत सम्भार ठेकेदार स्वयंले गर्नुपर्ने छ र खर्च दाबी गर्न पाइने छैन।

६. दैनिक ढुवानी तथा ओसारपसार हुने कुल परिणामको लगत राखी सोको एक प्रति अभिलेख प्रत्येक दिन सम्बन्धीत वडा कार्यालयमा पठाउनु पर्ने छ।

७. अनुमति दिएको स्थान भन्दा अन्यत्र ढुवानी गरेको पाइएमा प्रचलित कानुन अनुसारको कारवाही हुनेछ।

८. ढुवानी अनुमति पत्रको म्याद भित्र ढुवानी गरी सक्नु पर्नेछ।

९. ढुवानी तथा ओसार पसार गर्दा वातावरणीय प्रदुषण, ध्वनी प्रदुषण र ढुवानी साधनको गति ४० कि.मि. प्रति घण्टा भन्दा बढी हुने नपाउने र पानी चुहाउन समेत नपाउने व्यस्थापन मिलाउनु पर्नेछ।

१०. ढुवानी साधनले ढुवानी गर्दा धुलो उडन नदिने र त्रिपालले छोपी प्रदुषण नहुने व्यवस्था मिलाउनु पर्नेछ।

११. ढुवानी साधनमा तोकिएको क्षमता भन्दा बढी हुने गरी ढुवानी गर्न पाइने छैन्न।

१२. ढुवानी तथा ओसार पसार गर्दा सवारी साधन गन्तव्यमा नपुगिन्जेल सडकमा पार्किङ गर्न पाइने छैन्न। सवारी साधन विग्रेको हकमा यथासम्भव छिटो सडकबाट किनारा लगाउने व्यवस्था ढुवानीकर्ताले मिलाउनु पर्नेछ।

१३. ढुवानी गर्ने सवारी साधनको विवरण खुलेको कागज र पटके ढुवानी रसिद लिएर मात्र ढुवानी गर्नु पर्नेछ।

१४. ढुवानी रसिद वा पटके आदेशमा उल्लेखित विवरण( मिति, समय, सवानी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, संकलन गरेको स्थल आदि) अनुगमनका क्रममा फरक परेको देखिएमा ठेक्काको सर्त उल्लघन भएको मानिनेछ।

बोधार्थः

श्री प्रहरी चौकी इस्मा रजस्थल, गुल्मी।

श्री वडा नं....को कार्यालय, इस्मा गाउँपालिका।

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनुसूची ८

( दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**सम्झौता फाराम**

लिखितम ..........................को नाती ...........................को छोरा ................. जिल्ला ........... गाँउपालिका/नगरपालिका वडा नं ......... स्थायी घर भई हाल ..................... गााउँपालिका/नगरपालिका वडा नं ............ मा वसोवास गर्दै आएको वर्ष ................ को ............. ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा ................ ढङ्गुा,गिट्टी, बालुवा र माटो उत्खनन,सङ्कलन तथा व्यवस्थित गर्नका लागि तपाइँ समेतले पेश गर्नु भएको कागजातहरुको मूल्यांकन गर्दा आ.व. ................. का लागि ................. रु .......... ( मू.अ.कर बाहेक ) मा तपाईलाई यस कार्यालयको मिति .............. निर्णयबाट जग्गा व्यवस्थापन उत्खन्न तथा ढुवानीको लागि अनुमति दिएको हुँदा साबिक .......................... गा.वि.स वडा नं...........हाल इस्मा गाउँपालिका वडा नं ..... मा रहेको कि.नं ......क्षेत्रफल..........को उक्त जग्गा व्यवस्थापन गर्दा निस्केको ढुङ्गा/गिट्टी/बालुवा/ग्राबेल/माटो ओसार पसार गर्नका लागि सम्झौता गर्न उपस्थित भएको छु। तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति ................ मा सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु ....................... बुझाई मिति................ देखि .................. सम्म आ.व..................... को लागि उत्खन्न तथा ढुवानी गर्नेछु। पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन , गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको कवुलियत लेखी यस कार्यालयमा बुझाएको छु।

तपसिलः

(१)गाउँपालिकाबाट प्रमाणित भए बमोजिमका रसिदहरु बाहेकका रसिदहरु प्रयोग गरि आय संकलन गर्ने छैन। अनुगमन समिति वा गाउँपालिकाबाट अनुगमन हुँदा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मजुर छ।

नदीजन्य पदार्थहरु एवम् निजी जग्गा व्यवस्थापन गर्दा उत्खनन सङ्कलन, बिक्री वितरण र ढुवानी गर्दा पालन गर्नु पर्ने शर्तहरुः

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

१. नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ।

२. नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिका अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ।

३. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लिखित परीमाणको आधारमा बिक्री शुलक बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप............... मू.अ.कर रकम समेत गरी एकमुष्ट रुपमा.................. यस कार्यालयमा बुझाउनुपर्नेछ।

४. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु खोला स्थल बाहेक अन्य स्थानबाट उत्खन्न तथा ढुवानी गर्न पाइने छैन।

५. बिक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइनेछैन।

६. नेपाल सरकार वा इस्मा गाउँपालिकालाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंमले समयमै बुझाउनुपर्नेछ। सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन।

७. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुटै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरि यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ।

८. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होडिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ।

९. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. तोकिएको म्याद भित्र ठेकेदारले गाउँपालिकालाई बुझाउनु पर्ने रकम नबुझाएमा इस्मा गाउँपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी रकमको १०% का दरले ब्याज समेत ठेकेदारबाट गाउँपालिकाले असुल गर्नेछ।

११. गाउँपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन ।

१२. प्रचलित ऐन, नियम बेमोजिम ठेक्काको शर्त तथा दर रेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१३. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा गाउँपालिकाको पूर्व स्वीकृति लिएर मात्र राख्नु पर्नेछ ।

सङ्कलन केन्द्र राख्ने स्थानः

| क्र.सं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| | | | |

१४. आ.व. ................ को लागि नदीजन्य पदार्थ निजी जग्गाको साम्रगी मूल्य नेपाल सरकार गण्डकी प्रदेश सरकारको कानुनले तोके बमोजिम हुनेछ । साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परीमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् गर्न रोक लगाईनेछ ।

१५. उत्खनन् सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमूखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसककेको परिणाम गाउँपालिकाले जफत गरी लिलाम विक्री गर्नेछ ।

१६. नदीजन्य पदार्थहरु उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका, राष्ट्रिय प्राथमिकता प्राप्त साथै रुपान्तरणकारी आयोजना, गाउँ गौरवका आयोजनाहरुलाई बिशेष प्राथमिकता दिनुपर्नेछ ।

१७. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

१८. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालाना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाउँपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन ।

१९. नदीजन्य पदार्थ । निजी जग्गाबाट उत्खनन र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी वालुवा, माटो, ग्राभेल आदि सङ्कलन तथा ढूवानी गर्नु पर्नेछ ।

२०. साधारण निर्माणमूखी पदार्थ उत्खनन् स्थल सम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नछ । सो बापत लागेको खर्च गाउँपालिकामा दाबी गर्न पाईने छैन ।

२१. उत्खनन गर्दा नजिक रहेका सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

२२. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ नियमानुसार छोड्नुपर्ने स्थान छोडि उत्खन्न गर्नु पर्नेछ ।

२३. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, वालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मन्जुरीमा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नुपर्नेछ ।

२४. ठेक्का सम्झौता भएको पश्चात सूर्योदय देखि सूर्यास्त सम्म मात्र उत्खनन् संकलन एबं ढुवानी गर्ने समय अबधि हुनेछ ।

२५. साधारण निर्माणमखि नदीजन्य तथा खानिजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्स्काभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वाताबरणीय प्रतिवेदनको प्राबधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्न पर्नेछ ।

२६. उत्खनन् पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामगी्रहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अबस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

२७. साधारण निर्माणमुखि नदीजन्य पर्दाथको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पुर्ण सुरक्षा सतर्कता साथ उत्खनन् तथा बिक्रि प्रबन्ध मिलाउनु पर्नेछ ।

२८. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाब नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ। साथौ कामदार तथा कर्मचारहरुको सुरक्षाकोलागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकदारको हुनेछ।

२९. स्वीकृत वातावरण प्रतीवेदना उल्लेख भएका वातावरणीय प्रभाव नयूनकिरणीय उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ। निजी जग्गाबाट उत्खन्न सङ्खलन, ढुवानी तथा बिक्री गर्नु पर्नेछ।

३०. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा नभएका कुराहरुको हकामा प्रचलित कानून बमोजिम हुनेछ।

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनुसूचि (९)

दफा (६) को उपदफा (४) सँग सम्बन्धित

**उत्खन्न स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना**

निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनले १५१ घ मि भन्दा बढी परिमाणमा माटो, ढुगा,गिटी, बालुवा, ग्राभेल आदि उत्खन्न गर्नुपर्ने भएमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मुल्याकन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

(क) उत्खनन्, सङ्कलन गरिने स्थलः

(ख) उत्खनन्, सङ्कलनको विवरण

१. जग्गा, नदी, खोला वा खानीको नामः

२. ठाउँको नामः

३. उत्खनन् गरिने परीमाणः

४. उत्खनन् कार्यमा प्रयोग हुने साधनः

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः

६. उत्खनन् गर्ने अवधिः मिति २०...। ....। गते बाट २०.... ।...। भित्र।

(कुनै गुनासो वा थप जानकारीको लागि इस्मा गाउँपालिकामा सम्पर्क गर्ने)

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनुसूचि (१०)

दफा (६) को उपदफा (२) ग सँग सम्बन्धित

**मुचुल्का ढाँचा**

श्री

लिखितम जिल्ला पर इस्मा गाउँपालिका वडा .न.............................................................................बस्ने.................................. ..........को नाती ..............................................को छोरा.................................... को नाममा दर्ता कायम रहेको सा...........................कि.न ................................ को..........................................................क्षेत्रफलको जग्गालाई सम्याइ ।विराई खेतियोग्य बनाउन निकासी गरी बेचविखन गर्न लागेको र नियमानुसार उक्त कार्य गर्दा हामी तपशिलमा उल्लेखित पूर्व, पश्चित, उत्तर, दक्षिण सिमानामा संधियार हाम्रो साँध सिमानामा असर नगर्ने भएकोले सो जग्गा सम्याई/विराई खेतीयोग्य बनाउने क्रममा बढी भएको ढुँङ्गा, ग्राभेल, माटो प्रचलित कानुन अनुसार निकासीका लागि हामी मन्जुर भई मुचुल्का गरिदियौ ।

अनुगमन तथा प्राविधिक समिति

| | |
|---|---|
| १. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | सदस्य |
| ३. वन वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| ४. सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ५. पूर्वाधार विकास शाखाको इन्जिनियर | सदस्य |
| ६. अमिन वा सर्भेक्षक | सदस्य |
| ७. वन वातावरण तथा विपद शाखा अध्यक्ष | सदस्य सचिव |

संधियार

| | | |
|---|---|---|
| पूर्व सिमाना तर्फ | कि.न. | जग्गाधनीः |
| पश्चिम सिमाना तर्फ | कि.न. | जग्गाधनीः |
| उत्तर सिमाना तर्फ | कि.न. | जग्गाधनीः |
| दक्षिण सिमाना तर्फ | कि.न. | जग्गाधनीः |

जग्गा धनीः

सवारी साधनधनीः

वडा समिति प्रतिनिधिः

ईति संम्वत .......साल........महिना..........गते......रोज शुभम ।

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनुसूचि (११)

दफा (८) को उपदफा (४) सँग सम्बन्धित

**दैनिक पटक विक्री वा ढुवानी अभिलेख तेरिज**

निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनले १५१ घ मि भन्दा बढी परिमाणमा माटो, ढुगा,गिटी, बालुवा, ग्राभेल आदि उत्खन्न गर्नुपर्ने भएमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मुल्याकन कार्यान्वयनको सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयारगरिने अभिलेख तेरीज

जग्गा, खोला, नदि वा खानीको नामः

नाकाको नामः

मितिः

| क्र.सं | ढुवानी मिति | पटके बिक्री आदेश नं | पटके बिक्री भएको परीमाण | बिक्री भएको पदार्थ लैजाने सवारी नं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

नोटः यो फारम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा सम्बन्धित वडा कार्यालय र गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ।

# इस्मा गाउँपालिका क्षेत्रभित्रका निजी जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् सङ्कलन तथा व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८३

अनुसूचि (१२)

दफा (८) को उपदफा (५)  सँग सम्बन्धित

**(उत्खननकर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख)**

निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनले १५१ घ मि भन्दा बढी परिमाणमा माटो, ढुगा,गिटी, बालुवा, ग्राभेल आदि उत्खन्न गर्नुपर्ने भएमा  प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मुल्याकन कार्यान्वयनको सन्दर्भमा उत्खन्न स्थान अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरीज

जग्गा, नदि, खोला, खानी वा स्थानको नामः

| क्र.स. | उत्खनन गरिएको मिती | उत्खनन् गरिएको परिमाण | उत्खननकर्ता वा प्रतिनिधिको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**प्रमाणीकरण मितिः २०८३।०४।२९**

**आज्ञाले,**

**सुरज अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**